नेपाल सरकार

# माडी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### धर्तिगाउँ, रोल्पा







# नीति तथा कार्यक्रम
## २०८३/०८४





"कृषि,पशुपंक्षी,जडिबुटी र दिगो पूर्वाधार, समृद्ध माडीको आधार"




| कृषि विकास | पशुपंक्षी सुदृढीग | जडिबुटी संरक्षण | दिगो पूर्वाधार | सामाजिक विकास |
|---|---|---|---|---|
| आधुनिकीकरण र उत्पादनता वृद्धि | स्वस्थ पशु, समृद्ध किसान | प्राकृविक स्रोतको संरक्षण र उपयोग | गुणस्तरीय पूर्वाधार, समृद्ध आर्थिक आधार | सहभागिता, पारदर्शिता र सुशासन |

जनताको साथ, माडीको विकास

गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू,
उपस्थित कर्मचारी, पत्रकार तथा सम्पूर्ण महानुभावहरू।

सर्वप्रथम, राष्ट्रको राजनीतिक, सामाजिक तथा लोकतान्त्रिक परिवर्तनका लागि भएका जनयुद्ध, लोकतान्त्रिक आन्दोलन तथा विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइते, बेपत्ता तथा पीडित परिवारजनप्रति उच्च सम्मान व्यक्त गर्दछु। जनयुद्धको मुल मर्म सामाजिक न्याय, समावेशिता, समान अवसर, जनसहभागिता र समृद्ध समाज निर्माणका परिवर्तनकारी एजेण्डाहरूलाई आत्मसात् गर्दै माडी गाउँपालिकाको नेतृत्वमा रही विगत चार वर्षको अवधिमा चुनौतीपूर्ण भौगोलिक अवस्था र सीमित स्रोत—साधनका बीच पनि विकास, सेवा प्रवाह र सुशासनका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेको स्मरण गराउछु। प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै बाँकी चुनौतीहरूको समाधानतर्फ थप दृढताका साथ अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछु।

""*कृषि,पशुपंक्षी ,जडिबुटि र दिगो पूर्वाधार, समृद्ध माडीको आधार* " को साझा लक्ष्य हासिल गर्ने संकल्पका साथ आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्दछु।

# पूर्वाधार तथा यातायात विकास नीति

१. गाउँपालिका गौरवका आयोजना, रणनीतिक महत्वका बहुवर्षीय तथा निर्माणाधीन क्रमागत योजनाहरूलाई उच्च प्राथमिकता प्रदान गरी समयमै सम्पन्न गरिनेछ।

२. पूर्वाधार विकासका कार्यक्रमहरू आवधिक योजना, भू—उपयोग योजना, बस्ती विकास योजना तथा क्षेत्रगत गुरुयोजनाको आधारमा छनोट तथा कार्यान्वयन गरिनेछ।

३. गाउँपालिकाको समग्र विकासलाई दीर्घकालीन, योजनाबद्ध, पारदर्शी तथा परिणाममुखी बनाउन स्थानीय आवश्यकता, सम्भाव्यता अध्ययन तथा अभिलेखीकरण गरी **“माडी गाउँपालिका आयोजना बैंक”** स्थापना तथा सञ्चालन गरिनेछ।

४. ठुला तथा दिर्घकालीन महत्वका पूर्वाधार आयोजनाहरूको सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन (DPR), लागत अनुमान तथा वातावरणीय अध्ययन गरी मात्र निर्माण कार्य अगाडि बढाइनेछ।

५. घर्तीगाउँ—जगरबोट—त्रिवेणी सडकको स्तरोन्नति तथा शहीद मार्गदेखि गाउँपालिकाको प्रशासकीय भवनसम्मको सडक स्तरोन्नति कार्यलाई निरन्तरता दिइनेछ।

६. कृषि उत्पादन क्षेत्र, पर्यटकीय क्षेत्र तथा बजार केन्द्रलाई जोड्ने कृषि सडक, पहुँच मार्ग तथा अन्तर वडा सडक सञ्जालको विस्तार र स्तरोन्नति गरिनेछ।

७. पालिका स्तरका मुख्य सडकहरुमा नाला, ढल, कल्भर्ट, ह्युमपाइप, रिटेनिङ वाल तथा अन्य सडक सुरक्षासम्बन्धी संरचनाहरू निर्माण गरी बाह्रै महिना सञ्चालनयोग्य सडक सञ्जालको रुपमा विकास गरिनेछ।

८. सडक दुर्घटना न्यूनीकरण तथा सुरक्षित आवागमनका लागि ट्राफिक संकेत, सुरक्षा पर्खाल, रेलिङ तथा जोखिमयुक्त स्थानमा सुरक्षात्मक संरचना निर्माण गरिनेछ।

९. गाउँपालिकाभित्रका सडक, पुल, भवन तथा अन्य सार्वजनिक संरचनाहरूको संरक्षणका लागि मर्मत सम्भार कोष स्थापना गरी सञ्चालन गरिनेछ।

१०. बस्तीहरूलाई यातायात पहुँचसँग जोड्न झोलुङ्गे पुल, सस्पेन्सन बृज, पैदलमार्ग तथा अन्य आवश्यक संरचनाहरू निर्माण तथा मर्मत गरिनेछ।

११. गाउँपालिकाको समग्र जलस्रोत अध्ययन गरी खानेपानी, लिफ्ट खानेपानी, सिँचाइ, लिफ्ट सिँचाइ,पोखरी तथा जल संरक्षणका कार्यक्रम सञ्चालन गरिनेछ।

१२. सार्वजनिक जग्गाको संरक्षण, अभिलेखीकरण तथा व्यवस्थापनलाई व्यवस्थित बनाइनेछ र सार्वजनिक प्रयोजनका लागि जग्गा उपलब्ध गराउने दाताहरूलाई सम्मान गरिनेछ।

१३. घर्तीगाउँ बजार लगायतका बजार क्षेत्रलाई सडक गुरुयोजना, भवन निर्माण मापदण्ड तथा घर नक्सा पास प्रणालीमार्फत व्यवस्थित र सुरक्षित बजारका रूपमा विकास गरिनेछ।

१४. वडा कार्यालय, स्वास्थ्य संस्था, विद्यालय तथा अन्य सार्वजनिक संरचनाहरूको निर्माण, स्तरोन्नति र मर्मत कार्यलाई प्राथमिकता दिइनेछ।

१५. पालिका स्तरीय खेलमैदान निर्माण, सार्वजनिक सेवा केन्द्रहरूको पूर्वाधार विकास तथा सामुदायिक उपयोगका संरचनाहरूको विस्तार गरिनेछ।

१६. सुरक्षित नागरिक आवास कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरी आवासविहीन तथा विपन्न परिवारका लागि सुरक्षित आवासको व्यवस्था गरिनेछ।

१७. सञ्चार तथा सूचना प्रविधिमा नागरिकको पहुँच विस्तार गर्न दूरसञ्चार टावर, इन्टरनेट तथा केन्द्रिय विद्युतीकरण विस्तारका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

१८. संघ, प्रदेश, विकास साझेदार तथा निजी क्षेत्रसँगको सहकार्यमा गुणस्तरीय पूर्वाधार विकास, व्यवस्थित बस्ती निर्माण तथा दिगो यातायात सेवाको विस्तार गरी समृद्ध, सुरक्षित र सुगम माडी गाउँपालिका निर्माण गरिनेछ। शहिद मार्ग तथा मदन भण्डारी राजमार्गको  लागि निर्माण कार्यसम्पन्नका लागि आवश्यक समन्वय तथा सहजीकरण गरिनेछ ।

## कृषि विकास नीति तथा कार्यक्रम

१९. कृषि क्षेत्रलाई गाउँपालिकाको आर्थिक विकासको प्रमुख आधारका रूपमा विकास गर्दै कृषि पेशालाई वैज्ञानिक, मर्यादित, सम्मानित, व्यवसायिक तथा उद्यमशील पेशाका रूपमा स्थापित गरिनेछ।

२०. माडी गाउँपालिकामा कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादन वृद्धि, कृषकहरूको आयआर्जन र जीविकोपार्जनमा सुधार ल्याउन हेफर प्रोजेक्ट इन्टरनेशनल नेपाल, ग्रामीण विकास तथा चेतना समाज नेपाल तथा कृषक समूह सँगको सहकार्यमा **माडी कृषि आपूर्ति श्रृंखला विकास परियोजना**को कार्यान्वयन गरिनेछ।

२१. "एक वडा एक उत्पादन" तथा "एक गाउँ एक उत्पादन" अवधारणाअनुसार प्रत्येक वडाको सम्भाव्यता अनुरूप आलु, लसुन, टिमुर, सुन्तला तथा नगदे बालीका पकेट तथा क्लस्टर क्षेत्र विकास गरिनेछ।

२२. कृषि उत्पादन वृद्धि, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनका लागि व्यावसायिक तरकारी खेती, फलफूल खेती तथा जडीबुटी खेतीलाई विशेष प्राथमिकता दिइनेछ।

२३. गाउँपालिकाभित्र  एक नर्सरी स्थापना गरी फलफूल, तरकारी, घाँस तथा बहुउपयोगी बिरुवाको उत्पादन र वितरणलाई व्यवस्थित गरिनेछ।

२४. कृषि यान्त्रीकीकरणलाई प्रोत्साहन गर्न मिनी टिलर, पावर टिलर, लगायत आधुनिक कृषि औजार तथा उपकरणमा अनुदान तथा लागत साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

२५. गुणस्तरीय बीउबिजनमा कृषकको पहुँच सुनिश्चित गर्न स्थानीय स्तरमा बीउ उत्पादन, बीउ बैंक स्थापना तथा उन्नत र हाइब्रिड बीउ वितरण कार्यक्रम सञ्चालन गरिनेछ।

२६. कृषकको उत्पादन लागत घटाई उत्पादकत्व वृद्धि गर्न प्राङ्गारिक मल उत्पादन, जैविक खेती तथा जलवायु अनुकूल कृषि प्रविधिको विस्तार गरिनेछ।

२७. कृषि तथा पशुपालन क्षेत्रलाई व्यवस्थित बनाउन तथ्याङ्कमा आधारित किसान सूचीकरण, किसान परिचयपत्र वितरण तथा डिजिटल कृषि अभिलेख प्रणाली विकास गरिनेछ।

२८. कृषकहरूको क्षमता अभिवृद्धिका लागि कृषि पाठशाला, कृषक प्रशिक्षण, अध्ययन अवलोकन भ्रमण, प्राविधिक परामर्श सेवा तथा नमुना फार्म सञ्चालन गरिनेछ।

२९. "एक वडा एक कृषि प्राविधिक" कार्यक्रम सञ्चालनगरी कृषकलाई स्थानीय स्तरमै प्राविधिक सेवा, परामर्श तथा समस्या समाधान सेवा उपलब्ध गराइनेछ।

३०. बेरोजगार युवा, वैदेशिक रोजगारबाट फर्किएका युवा तथा महिला उद्यमीलाई लक्षित गरी कृषि उद्यम विकास, नमुना कृषि फार्म तथा स्टार्टअप कृषि कार्यक्रम सञ्चालन गरिनेछ।

३१. कृषक समूह, सहकारी तथा कृषि उद्यमीबीच समन्वय गरी उत्पादन, संकलन, प्रशोधन, भण्डारण तथा बजारीकरणको एकीकृत प्रणाली विकास गरिनेछ।

३२. कृषि उपजको उचित मूल्य सुनिश्चित गर्न संकलन केन्द्र, चिस्यान केन्द्र, भण्डारण गृह तथा कृषि बजार पूर्वाधार विकासमा प्राथमिकता दिइनेछ।

३३. कृषि उत्पादनमा हुने जोखिम न्यूनीकरणका लागि बाली बीमा कार्यक्रममा कृषकलाई प्रोत्साहन गर्दै क्रमश लागत साझेदारीमा बीमा कार्यक्रम सञ्चालन गरिनेछ।

३४. माटो परीक्षण कार्यक्रम सञ्चालन गरी भूगोल तथा माटोको प्रकृतिअनुसार उपयुक्त बाली सिफारिस गर्दै कृषि विविधीकरण कार्यक्रम लागू गरिनेछ।

३५. खाद्य तथा पोषण सुरक्षालाई सुदृढ बनाउन "एक घर एक करेसाबारी" पोषणमैत्री कृषि तथा विद्यालय कृषि कार्यक्रम सञ्चालन गरिनेछ।

३६. कृषि पेशालाई सम्मानित र आकर्षक बनाउन गाउँपालिकाभित्र उत्कृष्ट कृषि व्यवसाय सञ्चालन गर्ने कृषक, कृषक समूह र सहकारीलाई वार्षिक रूपमा छनोट गरी सम्मान तथा प्रोत्साहन गर्ने व्यवस्था मिलाइनेछ।

## पशु सेवा विकास नीति तथा कार्यक्रम

३७. माडी गाउँपालिकाको हावापानी, भू—बनोट तथा प्राकृतिक स्रोतसाधनको अनुकूलताका आधारमा बाख्रापालन, कुखुरापालन, बंगुरपालन तथा मौरीपालनलाई प्राथमिकतामा राखी व्यवसायिक पशुपालन प्रवर्द्धन गरिनेछ।

३८. पशुपालन क्षेत्रलाई कृषि विकाससँग एकीकृत गर्दै उत्पादन, उत्पादकत्व, रोजगारी तथा आयआर्जन वृद्धि गर्ने उद्यमशीलतामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३९. पशुचौपायको नस्ल सुधार तथा उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान, उन्नत प्रजनन सेवा, पशु स्वास्थ्य शिविर, नियमित खोप तथा रोग नियन्त्रण कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

४०. पशुपालक कृषकहरूको अद्यावधिक तथ्याङ्क संकलन, किसान परिचयपत्र वितरण तथा वास्तविक कृषकलाई प्रोत्साहन गरिनेछ।

४१. पशुधनमा हुने सम्भावित जोखिम न्यूनीकरणका लागि पशु बीमा कार्यक्रमलाई लागत साझेदारीमा विस्तार गरी कृषकको लगानी सुरक्षालाई सुनिश्चित गरिनेछ।

४३. पशु आहार व्यवस्थापनका लागि उन्नत घाँसको बीउ तथा बिरुवा वितरण, चरन क्षेत्र संरक्षण तथा स्थानीय स्रोतमा आधारित दाना उत्पादनलाई प्रोत्साहन गरिनेछ।

४४. गोठ सुधार, भकारो व्यवस्थापन तथा पशुजन्य फोहोरको सदुपयोगमार्फत प्राङ्गारिक मल उत्पादन र जैविक कृषि प्रणालीको विकासलाई प्राथमिकता दिइनेछ।

४५. दूध, मासु, अण्डा तथा अन्य पशुजन्य उत्पादनको संकलन, प्रशोधन, भण्डारण र बजारीकरणलाई व्यवस्थित बनाउन आवश्यक पूर्वाधार तथा बजार व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

४६. महिला, युवा, सहकारी तथा कृषक समूहमार्फत व्यवसायिक पशुपालन उद्यम विकास गरी स्थानीय स्तरमा स्वरोजगार सिर्जना र आर्थिक सशक्तीकरणलाई प्रोत्साहन गरिनेछ।

४७. पशु सेवा क्षेत्रको आधुनिकीकरण, व्यवसायीकरण तथा मूल्य शृङ्खला विकासमार्फत माडी गाउँपालिकालाई पशुजन्य उत्पादनमा आत्मनिर्भर, प्रतिस्पर्धी र आयमुखी स्थानीय अर्थतन्त्रको आधारका रूपमा विकास गरिनेछ।

# शिक्षा, युवा तथा खेलकुद विकास नीति तथा कार्यक्रम

४८. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि, सिकाइ उपलब्धि सुधार तथा विद्यार्थीको शैक्षिक नतिजामा सकारात्मक परिवर्तन ल्याउन गाउँपालिकाबाट व्यवस्थापन गरिएका राहत, अनुदान तथा करार शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन प्रणालीलाई थप व्यवस्थित, वस्तुगत र नतिजामुखी बनाइनेछ।

**४९.** आधारभूत तथा माध्यमिक तहको परीक्षाको नतिजा, विद्यार्थी सिकाइ उपलब्धि, नियमितता, कक्षा व्यवस्थापन, अतिरिक्त क्रियाकलाप तथा विद्यालय सुधारमा पुऱ्याएको योगदानका आधारमा उत्कृष्ट

कार्यसम्पादन गर्ने शिक्षक, प्रधानाध्यापक तथा विद्यालयलाई वार्षिक रूपमा सम्मान तथा प्रोत्साहन गरिनेछ।

**५०.** गाउँपालिका रहेको शिक्षक दरबन्दीलाइ अध्ययन प्रतिवेदनको आधारमा पुनरावलोकन गर्ने तथा राहत शिक्षक तथा अन्य स्थानीय स्रोतबाट व्यवस्थापन गरिएका शिक्षकहरूको सेवा सुविधा तथा प्रोत्साहनलाई कार्यसम्पादन, जिम्मेवारी बहन, विद्यालयको शैक्षिक सुधार तथा नतिजासँग आबद्ध गर्दै क्रमशः कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू गरिनेछ।

**५१.** शैक्षिक उपलब्धि कमजोर रहेका विद्यालयहरूको सुधारका लागि विशेष शैक्षिक सहयोग कार्यक्रम, विषयगत मार्गदर्शन, नियमित अनुगमन तथा शिक्षक क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।

**५२.** "उत्कृष्ट शिक्षक—उत्कृष्ट विद्यालय" अभियान सञ्चालन गरी प्रतिस्पर्धात्मक, उत्तरदायी र नतिजामुखी शैक्षिक वातावरण निर्माण गर्दै माडी गाउँपालिकालाई गुणस्तरीय शिक्षाको नमूना पालिकाको रूपमा विकास गरिनेछ।

५३. विद्यालय उमेर समूहका सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्दै कुनै पनि बालबालिका विद्यालय बाहिर नरहने वातावरण सिर्जना गर्न घरदैलो विद्यालय भर्ना अभियान सञ्चालन गरी शतप्रतिशत भर्ना, नियमित उपस्थिती, कक्षा निरन्तरता तथा विद्यालय छाड्ने दर न्यूनीकरण गर्ने विशेष कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

५४. प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयहरूमा आवश्यक शैक्षिक सामग्री, खेल सामग्री तथा सिकाइ सहजीकरण सामग्रीको उपलब्धता सुनिश्चित गरिनेछ।

५५. विद्यालयहरूमा इन्टरनेट पहुँच विस्तार तथा सूचना प्रविधिमा आधारित शिक्षण प्रणाली विकासका लागि आवश्यक पूर्वाधार निर्माणमा प्राथमिकता दिइनेछ।

५६. स्थानीय भाषा, कला, संस्कृति, इतिहास, भूगोल तथा मौलिक पहिचान संरक्षणका लागि "हाम्रो माडी" स्थानीय पाठ्यक्रमलाई कक्षा ८ सम्म क्रमश अनिवार्य बनाइनेछ ।

५७. विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि, विद्यार्थीको नियमितता, सिकाइ उपलब्धि तथा समग्र विद्यालय सुधारमा अभिभावकको सहभागिता सुनिश्चित गर्न **"जिम्मेवार अभिभावक—गुणस्तरीय विद्यालय"** अभियान सञ्चालन गरिनेछ।

५८. माध्यमिक शिक्षा परीक्षा (SEE) को नतिजा सुधारलाई गाउँपालिकाको प्रमुख शैक्षिक प्राथमिकताका रूपमा लिँदै विषयगत उपलब्धि विश्लेषण, अतिरिक्त कक्षा सञ्चालन, नमुना परीक्षा, कमजोर विद्यार्थीका

लागि विशेष सिकाइ सहयोग, शिक्षक क्षमता विकास तथा नियमित शैक्षिक अनुगमनमार्फत सिकाइ उपलब्धि अभिवृद्धि गर्ने कार्यक्रम कार्यान्वयन गरिनेछ।

५९. विद्यालय तहका परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी, शिक्षक तथा विद्यालयलाई प्रोत्साहन, सम्मान तथा पुरस्कार प्रदान गर्ने व्यवस्था गरिनेछ।

६०. विद्यालय तहमा गणित, विज्ञान र अङ्ग्रेजी विषयमा कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीहरूको नतिजा सुधार गर्न अतिरिक्त कक्षा, विषयगत सुधार कार्यक्रम सञ्चालन गरिनेछ।

६१. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न प्रधानाध्यापक र शिक्षकहरूको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ

६२. "एक विद्यालय—एक बगैंचा" तथा "एक विद्यालय—एक करेसाबारी" कार्यक्रममार्फत श्रमको सम्मान तथा व्यवहारिक सिकाइलाई प्रवर्द्धन गरिनेछ।

६३. विद्यालय परिसरलाई हरित, स्वच्छ, सुरक्षित तथा बालमैत्री बनाउँदै वातावरण संरक्षणसम्बन्धी कार्यक्रमलाई संस्थागत गरिनेछ।

६४. विद्यालयहरूमा गुणस्तरीय शिक्षण सिकाइका लागि आवश्यक आधारभूत पूर्वाधारको विकास गर्दै एक विद्यालय—चार आधार (खेलमैदान, बगैंचा, पुस्तकालय र प्रयोगशाला) कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६५. विद्यालयस्तरमा विज्ञान प्रदर्शनी, शैक्षिक मेला, नवप्रवर्तन प्रतियोगिता तथा पढाइ महोत्सव सञ्चालन गरी सिर्जनशीलता र अनुसन्धान संस्कृतिको विकास गरिनेछ।

६६. विद्यार्थीहरूको नियमित उपस्थिति, सिकाइ उपलब्धि तथा विद्यालय छाड्ने दर न्यूनीकरण गर्न प्रभावकारी विद्यार्थी अनुगमन तथा परामर्श प्रणाली लागू गरिनेछ।

६७. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादनसँग आबद्ध गर्दै पोषणमैत्री, पारदर्शी तथा प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

६८. विद्यार्थी सङ्ख्या, भौगोलिक अवस्था तथा स्रोतसाधनको उपलब्धतालाई आधार बनाई विद्यालय समायोजन तथा शैक्षिक व्यवस्थापन कार्यलाई कानुनबमोजिम व्यवस्थित गरिनेछ।

६९. आधारभूत तथा माध्यमिक तहका परीक्षालाई थप व्यवस्थित, मर्यादित र विश्वसनीय बनाउँदै उत्कृष्ट विद्यार्थी, शिक्षक तथा विद्यालयलाई सम्मान तथा प्रोत्साहन गरिनेछ।

७०. विपन्न, दलित, जनजाति, अपाङ्गता भएका, द्वन्द्व प्रभावित तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति तथा लक्षित शैक्षिक सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।

७१. उच्च शिक्षा, प्राविधिक शिक्षा, चिकित्सा शिक्षा तथा इन्जिनियरिङ अध्ययनका लागि योग्य विद्यार्थीलाई प्रोत्साहन तथा छात्रवृत्ति उपलब्ध गराउन आवश्यक पहल गरिनेछ।

७२. स्थानीय युवाको ज्ञान, सीप, नेतृत्व क्षमता तथा उद्यमशीलता विकासका लागि "माडी युवा प्रतिभा पहिचान तथा प्रोत्साहन कार्यक्रम" सञ्चालन गरिनेछ।

७३. "युवासँग अध्यक्ष" कार्यक्रममार्फत युवा तथा बालबालिकाको नीति निर्माण, विकास योजना तर्जुमा तथा सुशासन प्रक्रियामा अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

७४. वैदेशिक रोजगारको विकल्पका रूपमा युवालाई कृषि, पर्यटन, सूचना प्रविधि, उद्यमशीलता तथा स्वरोजगारमूलक तालिमसँग आबद्ध गरिनेछ।

७५. अन्तरविद्यालय, अन्तरपालिका तथा पालिका स्तरीय खेलकुद प्रतियोगिता, अध्यक्ष कप, रनिङ शिल्ड तथा विविध खेलकुद कार्यक्रम सञ्चालन गरी खेल प्रतिभाको पहिचान, विकास र प्रोत्साहन गरिनेछ।

७६. सामुदायिक क्याम्पस स्थापना, प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार, अनुसन्धान तथा नवप्रवर्तनको प्रवर्द्धन गर्दै माडी गाउँपालिकालाई गुणस्तरीय, समावेशी, प्रतिस्पर्धी तथा ज्ञानमा आधारित शैक्षिक केन्द्रका रूपमा विकास गरिनेछ।

## स्वास्थ्य तथा आयुर्वेद नीति तथा कार्यक्रम

७७. माडी गाउँपालिकाको स्वास्थ्य सेवामा गुणात्मक सुधार तथा नागरिकको आधारभूत स्वास्थ्य सेवामा सहज पहुँच सुनिश्चित गर्न निर्माणाधीन १५ शैयाको घर्तिगाउँ आधारभूत अस्पतालको निर्माण कार्य यथाशीघ्र सम्पन्न गरी आवश्यक जनशक्ति, उपकरण, औषधि तथा सेवा व्यवस्थापनसहित सञ्चालनमा ल्याई क्रमशः विशेषज्ञ सेवासहितको गुणस्तरीय स्वास्थ्य केन्द्रका रूपमा विकास गरिनेछ।

७८. माडी गाउँपालिकाका सबै नागरिकलाई आधारभूत, आकस्मिक तथा अत्यावश्यक स्वास्थ्य सेवामा सहज र समान पहुँच सुनिश्चित गर्न स्वास्थ्य संस्थाहरूमा औषधि, उपकरण तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्ति व्यवस्थालाई सुदृढ बनाइनेछ।

७९. गाउँपालिकाभित्रका सबै स्वास्थ्य संस्थाबाट नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने औषधिहरू तथा आधारभूत उपचार सेवाका लागि आवश्यक औषधि, स्वास्थ्य सामग्री र उपकरणको नियमित आपूर्ति तथा प्रभावकारी व्यवस्थापन गरी वर्षभरि औषधि अभाव हुन नदिने नीति अवलम्बन गरिनेछ।

८०. गाउँपालिकाभित्रका स्वास्थ्य संस्थाहरूमा आवश्यक स्वास्थ्य जनशक्ति अभाव हुन नदिन रिक्त पदहरूमा प्रचलित कानुन बमोजिम समयमै पदपूर्ति, करार नियुक्ति तथा आवश्यकता अनुसार जनशक्ति व्यवस्थापन गरी निरन्तर, गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गरिनेछ।

८१. माडी गाउँपालिकाभित्रका सबै नागरिकलाई सहज, पहुँचयोग्य, गुणस्तरीय तथा निःशुल्क आयुर्वेद स्वास्थ्य सेवा उपलब्ध गराउन आयुर्वेद औषधालयको सेवा, जनशक्ति, औषधि तथा स्वास्थ्य सामग्रीको व्यवस्थापनलाई सुदृढ गरिनेछ।

८२. माडी गाउँपालिकामा पाइने औषधीय गुणयुक्त जडीबुटीहरूको पहिचान, संरक्षण, अभिलेखीकरण, दिगो उपयोग तथा व्यवसायीकरणका लागि आवश्यक अध्ययन, अनुसन्धान र प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ।

८३. स्वास्थ्य संस्थाहरूमा न्यूनतम सेवा मापदण्ड (MSS) को पूर्ण कार्यान्वयन गरी गुणस्तरीय, सुरक्षित तथा उत्तरदायी स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ।

८४.गाउँपालिका भित्रका दुर्गम बस्ती, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अशक्त नागरिकलाई लक्षित गरी घरदैलो स्वास्थ्य सेवा तथा हेल्थ क्लिनिक कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८५. स्वास्थ्य बीमा कार्यक्रममा नागरिकको सहभागिता वृद्धि गर्दै विपन्न तथा जोखिमयुक्त परिवारको स्वास्थ्य सुरक्षालाई प्राथमिकता दिइनेछ।

८६. सुरक्षित मातृत्व तथा नवजात शिशु स्वास्थ्यलाई प्राथमिकतामा राखी पूर्ण संस्थागत सुत्केरीयुक्त पालिका निर्माण अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

८७. बर्थिङ सेन्टरहरूको स्तरोन्नति, उपकरण व्यवस्थापन तथा दक्ष जनशक्ति परिचालनमार्फत गुणस्तरीय प्रसूति सेवा सुनिश्चित गरिनेछ।

८८. विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्दै विद्यार्थी, शिक्षक तथा अभिभावकहरूमा स्वास्थ्य सचेतना, योग अभ्यास तथा प्राकृतिक जीवनशैलीप्रति सकारात्मक व्यवहार विकास गरिनेछ।

८९. पूर्ण खोपयुक्त पालिकाको अवस्थालाई दिगो बनाउँदै नियमित खोप तथा समुदायस्तरीय रोग प्रतिरोधात्मक कार्यक्रमलाई सुदृढ गरिनेछ।

९०. परिवार नियोजन, किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य, महिलाको स्वास्थ्य तथा पोषण सुधारसम्बन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

९१. कुपोषण न्यूनीकरणका लागि स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ क्षेत्रसँगको समन्वयमा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

९२. मनसुनजन्य विपद् तथा महामारीजन्य जोखिमलाई मध्यनजर गर्दै औषधि, स्वास्थ्य सामग्री, प्रयोगशाला उपकरण तथा द्रुत प्रतिकार्य प्रणालीलाई तयारी अवस्थामा राखिनेछ।

९३. उच्च रक्तचाप, मधुमेह, क्यान्सर, मिर्गौला रोग तथा अन्य नसर्ने रोगहरूको प्रारम्भिक परीक्षण, परामर्श, उपचार तथा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

९४. प्रत्येक वर्ष विशेष स्वास्थ्य अभियान सञ्चालन गरी नसर्ने रोगको भार न्यूनीकरण तथा स्वस्थ जीवनशैली प्रवर्द्धनमा जोड दिइनेछ।

९५. स्वास्थ्य संस्थाहरूमा प्रयोगशाला सेवाको पहुँच विस्तार तथा गुणस्तर सुधार गर्दै आवश्यक उपकरण, जनशक्ति र तालिमको व्यवस्था गरिनेछ।

९६. जीर्ण तथा अपुग स्वास्थ्य पूर्वाधारको मर्मत, विस्तार तथा स्तरोन्नति गर्दै स्वास्थ्य संस्थाहरूलाई मापदण्डअनुरूप विकास गरिनेछ।

९७. घर्तिगाउँ स्वास्थ्य चौकी लगायतका प्रमुख स्वास्थ्य संस्थाहरूमा विशेषज्ञ तथा चिकित्सकीय सेवाको पहुँच विस्तार गर्न संघ तथा प्रदेश सरकारसँग आवश्यक समन्वय र पहल गरिनेछ।

९८. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई प्रविधिमैत्री बनाउँदै विद्युतीय अभिलेखीकरण, प्रतिवेदन तथा स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीको प्रयोगलाई विस्तार गरिनेछ।

९९. महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि, उत्प्रेरणा तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

१००. गाउँपालिकाभित्रका नागरिकलाई आकस्मिक स्वास्थ्य सेवामा सहज, सुरक्षित र समयमै पहुँच सुनिश्चित गर्न एम्बुलेन्स सेवालाई प्रभावकारी, व्यवस्थित तथा दिगो रूपमा सञ्चालन गर्न आवश्यक

कानुनी, प्रशासनिक र वित्तीय व्यवस्था सहित **एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन कार्यविधि तर्जुमा गरी लागू गरिनेछ।**

१०१. नेपालको संविधान, राष्ट्रिय स्वास्थ्य नीति, दिगो विकास लक्ष्य तथा "स्वास्थ्य सबैका लागि" को अवधारणाअनुरूप स्वास्थ्य तथा पोषण क्षेत्रका कार्यक्रमहरूलाई परिणाममुखी, समावेशी तथा नागरिककेन्द्रित ढंगले कार्यान्वयन गरिनेछ ।

## महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा सामाजिक समावेशीकरण विकास नीति तथा कार्यक्रम

१०२. महिलाको आर्थिक, सामाजिक, राजनीतिक तथा शैक्षिक सशक्तीकरणलाई गाउँपालिकाको विकासको मूल आधारका रूपमा स्थापित गर्दै सीप विकास, उद्यमशीलता, वित्तीय साक्षरता, सहकारी पहुँच तथा आयआर्जनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१०३. ग्रामीण तथा दुर्गम क्षेत्रका महिलाहरूको उत्पादन, प्रशोधन, मूल्य अभिवृद्धि तथा बजारीकरण क्षमताको विकास गरी स्थानीय उत्पादनलाई व्यावसायीकरण गर्न "उपाध्यक्षसँग महिला उद्यम विकास कार्यक्रम" सञ्चालन गरिनेछ।

१०४. महिलाको श्रम, सीप, उद्यम र नेतृत्वको सम्मान गर्दै उत्कृष्ट महिला उद्यमी, कृषक, सामाजिक अभियन्ता तथा नवप्रवर्तनशील महिलाहरूलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।

१०५. लैङ्गिक हिंसा, घरेलु हिंसा, यौनजन्य हिंसा, मानव बेचबिखन, बालविवाह तथा सामाजिक कुरीतिविरुद्ध शून्य सहनशीलताको नीति अवलम्बन गरी रोकथाम, संरक्षण र न्यायमा पहुँच सुनिश्चित गरिनेछ।

१०६. द्वन्द्व तथा हिंसा प्रभावित महिला, बालबालिका, किशोरी, एकल महिला, यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको उद्धार, पुनःस्थापना, मनोसामाजिक परामर्श तथा कानुनी सहायताका लागि स्थानीय संरक्षण प्रणाली सुदृढ गरिनेछ।

१०७. गाउँपालिका स्तरमा **महिला तथा बाल संरक्षण कोष** सञ्चालन गरी जोखिममा रहेका महिला तथा बालबालिकाको तत्काल संरक्षण तथा राहत व्यवस्थालाई प्रभावकारी बनाइनेछ।

१०८. "किशोरीसँग उपाध्यक्ष" तथा "आमा समूहसँग उपाध्यक्ष संवाद" कार्यक्रममार्फत महिला तथा किशोरीका सवालहरूलाई नीति तथा कार्यक्रमसँग आबद्ध गरिनेछ।

१०९. वडा तथा टोलस्तरीय महिला सञ्जाललाई संस्थागत गर्दै स्थानीय योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

११०. बालअधिकारको संरक्षण, प्रवर्द्धन तथा कार्यान्वयनलाई प्राथमिकता दिँदै बालमैत्री स्थानीय शासन प्रणालीलाई पूर्ण रूपमा कार्यान्वयन गरिनेछ।

१११. बालश्रम, विद्यालय छोड्ने बालबालिका तथा जोखिममा रहेका बालबालिकाको पहिचान गरी संरक्षण, पुनःस्थापना तथा शिक्षामा पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

११२. बालविवाह, बहुविवाह, छाउपडी, जातीय विभेद, घरेलु हिंसा तथा अन्य सामाजिक कुरीतिहरू अन्त्य गर्न समुदायमा आधारित सचेतना अभियान सञ्चालन गरिनेछ।

११३. बालश्रममुक्त तथा बालविवाहमुक्त माडी गाउँपालिका निर्माणका लागि कानुनी, संस्थागत तथा सामाजिक अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

११४. अपाङ्गता भएका व्यक्तिहरूको सम्मानपूर्ण जीवनयापन, पहुँचयुक्त सेवा तथा समान अवसर सुनिश्चित गर्न पुनःस्थापना, सीप विकास, उद्यमशीलता तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

११५. सार्वजनिक सेवा, सूचना, पूर्वाधार तथा विकास आयोजनाहरूलाई अपाङ्गतामैत्री, बालमैत्री, ज्येष्ठ नागरिकमैत्री तथा लैङ्गिकमैत्री बनाउने नीति अवलम्बन गरिनेछ।

११६. अपाङ्गता भएका व्यक्तिहरूप्रति हुने विभेद, उपेक्षा तथा अन्धविश्वास अन्त्य गर्न समुदायस्तरीय जनचेतना तथा अधिकार प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ।

११७. ज्येष्ठ नागरिकहरूको ज्ञान, अनुभव, सीप तथा सामाजिक योगदानलाई पुस्तान्तरण गर्दै समाज निर्माणमा सक्रिय सहभागिता अभिवृद्धि गरिनेछ।

११८. ज्येष्ठ नागरिकमैत्री स्वास्थ्य, सामाजिक सुरक्षा तथा सम्मान कार्यक्रम सञ्चालन गरी उनीहरूको जीवनस्तर सुधार गरिनेछ।

११९. एकल, अशक्त, असहाय तथा संरक्षणको आवश्यकता भएका ज्येष्ठ नागरिकहरूको नियमित तथ्याङ्क अद्यावधिक गरी लक्षित सेवा प्रवाह गरिनेछ।

१२०. ज्येष्ठ नागरिकमाथि हुने हिंसा, उपेक्षा तथा दुर्व्यवहार नियन्त्रणका लागि परिवार तथा समुदायस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

१२१. दलित, जनजाति, लोपोन्मुख, सीमान्तकृत तथा विपन्न समुदायको सामाजिक, आर्थिक तथा शैक्षिक सशक्तीकरणका लागि लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

१२२. जातीय भेदभाव तथा छुवाछुतविरुद्ध सामाजिक अभियान सञ्चालन गर्दै सामाजिक सद्भाव, समानता तथा सहअस्तित्वको संस्कृतिलाई संस्थागत गरिनेछ।

१२३. दिगो विकास लक्ष्य, संविधानले प्रत्याभूत गरेका मौलिक हक तथा समावेशी विकासका सिद्धान्तअनुसार लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१२४. द्वन्द्वपीडित, शहीद परिवार, बेपत्ता परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्तिहरूको सम्मान, संरक्षण तथा सामाजिक सुरक्षाका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

१२५. संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्का प्रस्ताव नं. १३२५ तथा १८२० को स्थानीयकरण गर्दै महिला, शान्ति र सुरक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१२६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला, बालअधिकार, अपाङ्गता तथा ज्येष्ठ नागरिक दिवसहरूलाई जनचेतना, अधिकार प्रवर्द्धन तथा सामाजिक अभियानका रूपमा प्रभावकारी ढंगले मनाइनेछ।

१२७. महिला, बालबालिका, किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति तथा सबै लक्षित वर्गको अधिकार, सुरक्षा, सम्मान, सहभागिता र अवसर सुनिश्चित गर्दै "**समावेशी, समानतामूलक, हिंसामुक्त र सामाजिक न्याययुक्त माडी गाउँपालिका**" निर्माण गरिनेछ।

## खानेपानी, सरसफाइ तथा स्वच्छता (WASH) विकास नीति तथा कार्यक्रम

१२८. माडी गाउँपालिकाका सबै घरधुरीमा सुरक्षित तथा दिगो खानेपानी सेवाको पहुँच सुनिश्चित गर्न "एक घर—एक धारा" अभियानलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ तथा बाँकी घरधुरीहरूलाई चरणबद्ध रूपमा खानेपानी सेवामा आबद्ध गरिनेछ।

१२९. खानेपानीका मुहान, जलाधार क्षेत्र तथा जलस्रोतहरूको संरक्षण, पुनर्भरण तथा व्यवस्थापनका लागि समुदायमा आधारित जलस्रोत संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ।

१३०. लिफ्ट खानेपानी योजनामा बारम्बार मोटर बिग्रिने समस्याको समाधान गर्न नियमित प्राविधिक परीक्षण, समयमै मर्मतसम्भार, गुणस्तरीय मोटर तथा सुरक्षा उपकरणको प्रयोग र मर्मतसम्भार कोषको व्यवस्था गरी योजनाहरूको दिगो सञ्चालन सुनिश्चित गरिनेछ।

१३१. गाउँपालिकाभित्र सञ्चालित सम्पूर्ण खानेपानी योजनाको नियमित मर्मत सम्भार, सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन खानेपानी उपभोक्ता समितिहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

१३२. सबै खानेपानी योजनाहरूमा नियमित पानी गुणस्तर परीक्षण गरी सुरक्षित पिउने पानीको सुनिश्चितता गरिनेछ तथा आवश्यकताका आधारमा पानी शुद्धीकरण प्रविधिको विस्तार गरिनेछ।

१३३. सन् २०२८ भित्र पूर्ण सरसफाइ उन्मुख गाउँपालिका घोषणा गर्ने लक्ष्यअनुरूप बाँकी वडाहरूमा पूर्ण सरसफाइका सूचकहरूको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१३४. सुधारिएको चुलो, धुवाँरहित भान्सा तथा घरायसी सरसफाइ व्यवस्थापन कार्यक्रमलाई विस्तार गरी घरभित्रको वायु प्रदूषण न्यूनीकरण गरिनेछ।

१३५. विद्यालय, स्वास्थ्य संस्था, सरकारी कार्यालय तथा सार्वजनिक स्थलहरूमा सुरक्षित खानेपानी, लैङ्गिकमैत्री शौचालय, हात धुने सुविधा तथा महिनावारी स्वच्छता व्यवस्थापन सुनिश्चित गरिनेछ।

१३६. विद्यालय WASH कार्यक्रमलाई सुदृढ गर्दै बाल क्लब, बाल सरसफाइ दूत तथा विद्यार्थी नेतृत्वमा सरसफाइ अभियान सञ्चालन गरिनेछ।

१३७. बजार क्षेत्रमा वैज्ञानिक फोहोरमैला व्यवस्थापन प्रणाली विकास गर्दै फोहोर संकलन, वर्गीकरण, पुनःप्रयोग, पुनर्चक्रण तथा सुरक्षित विसर्जनको लागि सामुदायिक संस्था सगँ साझेदारी गरिनेछ। घर्तिगाउँ बजार लगायत प्रमुख व्यापारिक केन्द्रहरूमा फोहोर व्यवस्थापन पूर्वाधार, सङ्कलन केन्द्र तथा उपयुक्त डम्पिङ तथा प्रशोधन स्थलको व्यवस्था गरिनेछ।

१३८. प्लाष्टिकजन्य फोहोर न्यूनीकरण, स्रोतमै फोहोर वर्गीकरण तथा हरित वातावरण निर्माणका लागि जनचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

१३९. महिला समूह, टोल विकास संस्था, युवा क्लब, सामुदायिक वन उपभोक्ता समूह, विद्यालय तथा स्वास्थ्य स्वयंसेविकाहरूको सक्रिय सहभागितामा व्यवहार परिवर्तन तथा सरसफाइ अभियान सञ्चालन गरिनेछ।

१४०. खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका सम्पूर्ण तथ्याङ्कलाई डिजिटल प्रणालीमा आबद्ध गर्दै WASH-MIS लगायतका सूचना प्रणालीलाई अद्यावधिक गरिनेछ।

१४१. पूर्ण सरसफाइ, सुरक्षित खानेपानी तथा उत्कृष्ट WASH अभ्यास भएका टोल, विद्यालय, संस्था तथा उपभोक्ता समितिलाई प्रोत्साहन तथा सम्मान गरिनेछ।

१४१. दिगो विकास लक्ष्य (SDGs), राष्ट्रिय WASH रणनीति तथा माडी गाउँपालिकाको WASH रणनीतिक योजनाअनुरूप सुरक्षित खानेपानी, पूर्ण सरसफाइ, स्वच्छ वातावरण तथा स्वस्थ जीवनशैलीयुक्त नमूना गाउँपालिका निर्माण गरिनेछ।

## प्रधानमन्त्री रोजगार, श्रम तथा सुरक्षित आप्रवासन नीति तथा कार्यक्रम

१४२. गाउँपालिकाभित्र रहेका बेरोजगार युवाहरू, विपन्न परिवार, महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा वैदेशिक रोजगारबाट फर्किएका नागरिकहरूको तथ्याङ्क अद्यावधिक गरी रोजगार व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ बनाइनेछ।

१४३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगार व्यक्तिहरूलाई प्राथमिकताका आधारमा न्यूनतम रोजगारीको प्रत्याभूति प्रदान गर्दै उत्पादनशील तथा दिगो सामुदायिक पूर्वाधार निर्माणमा परिचालन गरिनेछ।

१४४. गाउँपालिकाको आफ्नै स्रोत तथा साझेदारी कार्यक्रममार्फत कृषि, पशुपालन, वन, जलस्रोत, सडक मर्मत, पर्यटन, वातावरण संरक्षण तथा सार्वजनिक सम्पत्ति निर्माणका श्रममूलक आयोजनामा स्थानीय श्रमिकलाई प्राथमिकता दिइनेछ।

१४५. "रोजगारीसँग उत्पादन र उत्पादनसँग आय" भन्ने अवधारणाअनुसार कृषि, पशुपालन, जडीबुटी, मौरीपालन, फलफूल तथा ग्रामीण उद्यम विकाससँग रोजगार कार्यक्रमलाई एकीकृत गरिनेछ।

१४६. प्रत्येक वडामा उपलब्ध स्रोत, सम्भावना र बजारको आधारमा रोजगारमूलक परियोजनाको पहिचान गरी स्थानीय स्तरमै दीर्घकालीन रोजगार सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ।

१४७. वैदेशिक रोजगारबाट फर्केका युवा तथा दक्ष जनशक्तिको ज्ञान, सीप, अनुभव र पूँजीलाई स्थानीय उत्पादन तथा उद्यम विकासमा उपयोग गर्न "रिटर्नी उद्यमशीलता कार्यक्रम" सञ्चालन गरिनेछ।

१४८. वैदेशिक रोजगारीमा रहेका श्रमिकहरूलाई गाउँपालिकाबाट प्रदान गरिने पुनः श्रम स्वीकृति सम्बन्धी सेवालाई थप सरल, छिटोछरितो, प्रविधिमैत्री तथा सेवाग्राहीमैत्री बनाउँदै आवश्यक सूचना, परामर्श, कागजात प्रमाणीकरण र सहजीकरण सेवाको प्रभावकारी व्यवस्था गरी नागरिकलाई स्थानीय तहबाटै सहज सेवा उपलब्ध गराइनेछ।

१४९. गाउँपालिकाको समग्र रोजगार अवस्थाको अध्ययन गरी पाँच वर्षीय स्थानीय रोजगार तथा स्वरोजगार रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

१५०. बेरोजगार युवाहरूलाई कृषि, पशुपालन, निर्माण, सूचना प्रविधि, पर्यटन, होटल व्यवसाय, विद्युतीय मर्मत, प्लम्बिङ, फर्निचर, सिलाइकटाइ लगायतका बजारमुखी सीपमूलक तालिम प्रदान गरिनेछ।

१५१. तालिम प्राप्त जनशक्तिलाई उद्यम स्थापना, स्वरोजगार तथा सहुलियतपूर्ण वित्तीय पहुँचसँग जोड्न सहकारी, बैंक तथा निजी क्षेत्रसँग साझेदारी गरिनेछ।

१५२. सुरक्षित, मर्यादित र व्यवस्थित वैदेशिक रोजगार प्रवर्द्धन गर्न पूर्व-प्रस्थान अभिमुखीकरण, कानुनी परामर्श तथा सूचना सेवा प्रभावकारी बनाइनेछ।

१५३. वैदेशिक रोजगारमा रहेका, फर्किएका तथा तिनका परिवारको तथ्याङ्क समेटिएको स्थानीय आप्रवासन प्रोफाइल तयार गरी नियमित अद्यावधिक गरिनेछ।

१५४. विप्रेषणलाई उपभोगमुखी भन्दा उत्पादनमुखी क्षेत्रमा लगानी गर्न वित्तीय साक्षरता, बचत, लगानी तथा उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ।

१५५. श्रम बजारको आवश्यकता अनुसार दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक तथा व्यावसायिक शिक्षासँग रोजगार कार्यक्रमलाई आबद्ध गरिनेछ।

१५६. श्रमिकहरूको सामाजिक सुरक्षा, श्रम अधिकार, सुरक्षित कार्यस्थल तथा श्रमको सम्मानलाई संस्थागत गर्न आवश्यक नीतिगत तथा कानुनी व्यवस्था गरिनेछ।

१५७. बालश्रम, जबरजस्ती श्रम तथा श्रम शोषणको अन्त्य गर्दै बालश्रममुक्त गाउँपालिका निर्माण अभियानलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

१५८. महिला, दलित, जनजाति, द्वन्द्वपीडित, अपाङ्गता भएका व्यक्ति तथा आर्थिक रूपमा विपन्न नागरिकलाई लक्षित विशेष रोजगार तथा स्वरोजगार कार्यक्रम सञ्चालन गरिनेछ।

१५९. वैदेशिक रोजगार तथा अन्य क्षेत्रमा कार्यरत व्यक्तिहरू र तिनका परिवारमा देखिने सामाजिक तथा मानसिक समस्याको समाधानका लागि मनोसामाजिक परामर्श तथा सहजीकरण सेवा उपलब्ध गराइनेछ।

१६०. स्थानीय निर्माण तथा विकास आयोजनाहरूमा यथासम्भव स्थानीय श्रमिक, स्थानीय सामग्री र स्थानीय सीपको प्रयोगलाई अनिवार्य गर्दै रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाइनेछ।

१६१. युवा नवप्रवर्तन, स्टार्टअप, डिजिटल उद्यम तथा सूचना प्रविधिमा आधारित स्वरोजगार कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ।

१६२. संघ, प्रदेश, निजी क्षेत्र, विकास साझेदार तथा गैरसरकारी संस्थासँग सहकार्य गरी रोजगार तथा उद्यम विकास कार्यक्रमको दायरा विस्तार गरिनेछ।

१६३. "रोजगारीका लागि पलायन होइन, उत्पादन र उद्यमका लागि माडी" भन्ने अभियान सञ्चालन गर्दै माडी गाउँपालिकालाई क्रमशः आत्मनिर्भर, उत्पादनमुखी र रोजगारमैत्री स्थानीय तहका रूपमा विकास गरिनेछ।

## बहुक्षेत्रीय पोषण नीति तथा कार्यक्रम

१६४. माडी गाउँपालिकाको पोषण प्रोफाइल तथा पोषणसम्बन्धी तथ्याङ्कलाई नियमित अद्यावधिक गरी कुपोषणको उच्च जोखिम भएका टोल, बस्ती तथा लक्षित समुदायको पहिचानका आधारमा तथ्यमा आधारित पोषण कार्यक्रम सञ्चालन गरिनेछ।

१६५. गर्भवती महिला, सुत्केरी आमा, किशोरी तथा पाँच वर्षमुनिका बालबालिकाको नियमित पोषण परीक्षण, वृद्धि अनुगमन तथा पोषण परामर्श सेवालाई प्रभावकारी बनाइनेछ।

१६६. कृषि, पशुपालन, स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ क्षेत्रबीच समन्वय कायम गरी पोषणयुक्त बाली, घरबगैंचा, फलफूल, तरकारी, अण्डा, दूध तथा स्थानीय रैथाने खाद्यवस्तुको उत्पादन र उपभोगलाई प्रवर्द्धन गरिनेछ।

१६७. विपन्न, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्ति तथा सुनौला हजार दिनका परिवारलाई लक्षित पोषणमुखी आयआर्जन कार्यक्रम, लघु पशुपालन, तरकारी खेती तथा जीविकोपार्जन कार्यक्रम सञ्चालन गरिनेछ।

१६८. विद्यालय तथा बालविकास केन्द्रहरूमा पोषण, स्वास्थ्य, सरसफाइ तथा खाद्य सुरक्षासम्बन्धी शिक्षा कार्यक्रम सञ्चालन गर्दै स्थानीय उत्पादनमा आधारित पोषणयुक्त दिवा खाजा व्यवस्थालाई प्रवर्द्धन गरिनेछ।

१६९. किशोरीहरूको पोषण अवस्था सुधारका लागि आइरन–फोलिक एसिड सेवन, महिनावारी स्वच्छता व्यवस्थापन, जीवनोपयोगी शिक्षा, बालविवाह न्यूनीकरण तथा किशोरी सशक्तीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१७०.पोषणसम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि स्थानीय तहस्तरीय बहुक्षेत्रीय पोषण तथा खाद्य सुरक्षा समिति सुदृढ गरी नियमित अनुगमन, समीक्षा तथा समन्वय प्रणालीलाई संस्थागत गरिनेछ।

# भूमि व्यवस्थापन तथा घर नक्सा सम्बन्धी नीति तथा कार्यक्रम

**१७१.** भू–उपयोग ऐन, २०७६ तथा भू–उपयोग नियमावली, २०७९ बमोजिम गाउँपालिकाभित्रका जग्गाहरूको वैज्ञानिक भू–उपयोग वर्गीकरण, अभिलेखीकरण तथा अद्यावधिक कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

**१७२.** राष्ट्रिय भवन संहिता तथा भवन निर्माण मापदण्ड बमोजिम गाउँपालिकाभित्र निर्माण हुने भवन तथा संरचनालाई घर नक्सा स्वीकृति प्रणालीमा आबद्ध गरी सुरक्षित, व्यवस्थित तथा विपद् प्रतिरोधी बस्ती विकासलाई प्रोत्साहन गरिनेछ।

**१७३.** भूकम्प, पहिरो, भूक्षय, नदी कटान तथा अन्य प्राकृतिक विपद्का दृष्टिले जोखिमयुक्त क्षेत्रहरूको पहिचान, नक्साङ्कन तथा व्यवस्थापन गरी सुरक्षित आवास र बस्ती विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

**१७४.** भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको लगत प्रमाणीकरण, निस्सा वितरण तथा जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउने कार्यलाई सम्बन्धित निकायसँग समन्वय गरी प्राथमिकताका साथ अगाडि बढाइनेछ।

**१७५.** सरकारी, सार्वजनिक, धार्मिक तथा सामुदायिक जग्गाको संरक्षण, अभिलेखीकरण तथा अतिक्रमण नियन्त्रणका लागि डिजिटल अभिलेख प्रणाली विकास गरी प्रभावकारी अनुगमन व्यवस्था गरिनेछ।

**१७६.** मालपोत कर, घरबहाल कर तथा सम्पत्ति करको दायरा विस्तार गर्दै कर प्रशासनलाई प्रविधिमैत्री, पारदर्शी र नागरिकमैत्री बनाई आन्तरिक राजस्व संकलन सुदृढ गरिनेछ।

**१७७.** मुख्य बजार क्षेत्रमा योजनाबद्ध विकासका लागि बस्ती विकास योजना, सडक गुरुयोजना तथा भवन निर्माण मापदण्ड कार्यान्वयन गरिनेछ।

# योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन सम्बन्धी नीति तथा कार्यक्रम

**१७८.** टोल–बस्ती स्तरबाट प्राप्त योजना तथा कार्यक्रमहरूको मागलाई गाउँपालिकाको आवधिक योजना, दिगो विकास लक्ष्य, उत्पादन वृद्धि, रोजगारी सिर्जना, विपद् न्यूनीकरण तथा गरिबी निवारणसँग आबद्ध गरी प्राथमिकताका आधारमा छनोट तथा कार्यान्वयन गरिनेछ।

**१७९.** गौरवका आयोजना, क्रमागत योजना, अधुरा आयोजना तथा बहुवर्षीय योजनाहरूको सम्पन्नतालाई उच्च प्राथमिकता दिँदै नयाँ योजना छनोट गर्दा पर्याप्त बजेट सुनिश्चित हुने, प्रतिफलमुखी तथा दीगो

विकासमा योगदान पुग्ने आयोजनालाई मात्र समावेश गरिनेछ। उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुमा योजनाको प्रकृति अनुसार दश देखी बीस प्रतिशत जनसहभागिता हुने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

**१८०.** उपभोक्ता समिति, निर्माण व्यवसायी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्दै योजना कार्यान्वयनमा पारदर्शिता, गुणस्तर, समयबद्धता र जवाफदेहितालाई सुनिश्चित गरिनेछ। श्रममूलक योजनाहरूमा स्थानीय जनश्रमदान र स्थानीय रोजगारीलाई प्रोत्साहन गरिनेछ।

**१८१.** अन्य स्थानीय तहका सफल अभ्यासहरूलाई अनुकरण गर्दै योजना व्यवस्थापन, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण तथा सूचना प्रविधिमा आधारित अनुगमन प्रणालीलाई प्रभावकारी बनाई विकास निर्माण कार्यको गुणस्तर र परिणाम सुनिश्चित गरिनेछ।

# वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

**१८२.** सामुदायिक वन, सार्वजनिक वन तथा जलाधार क्षेत्रको संरक्षण, व्यवस्थापन र दिगो उपयोगलाई प्रभावकारी बनाउँदै वनजन्य उद्यम, जडीबुटी खेती, काठजन्य उत्पादन तथा हरित अर्थतन्त्रको विकासमार्फत स्थानीय रोजगारी र आयआर्जन अभिवृद्धि गरिनेछ।

**१८३.** सामुदायिक वनको दिगो व्यवस्थापन, पारदर्शिता तथा कानुनी प्रक्रियाको सुनिश्चितताका लागि कुनै पनि सामुदायिक वनबाट काठ कटानी, संकलन तथा बिक्री वितरण कार्य गर्दा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहले प्रचलित कानुन बमोजिम सम्बन्धित वडा कार्यालयको सिफारिस तथा आवश्यक अनुमति प्राप्त गरी मात्र कार्य सञ्चालन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।

१८४. माडी गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी, खोज तथा उद्धार र पुनःस्थापनालाई प्रभावकारी बनाउन संघ, प्रदेश, सुरक्षा निकाय, रेडक्रस, सामुदायिक संस्था, विकास साझेदार तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय, सहकार्य र स्रोत साझेदारीको माध्यमबाट एकीकृत विपद् व्यवस्थापन प्रणालीलाई सुदृढ गरिनेछ।

# सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रम

**१८५.** गाउँपालिकाबाट प्रवाह हुने सेवा, विकास निर्माण, सामाजिक सुरक्षा, शिक्षा, स्वास्थ्य, कृषि तथा अन्य सार्वजनिक सरोकारका विषयमा नागरिकका गुनासा, सुझाव, समस्या तथा अपेक्षाहरूको समयमै सुनुवाइ र समाधानका लागि अध्यक्ष—जनतासँग प्रत्यक्ष संवाद कार्यक्रम सञ्चालन गरिनेछ। टेलिफोन,

सामाजिक सञ्जाल, वेबसाइट, गुनासो पेटिका तथा वडा तहका सार्वजनिक सुनुवाइमार्फत प्राप्त गुनासाहरूको अभिलेखीकरण, सम्बोधन र प्रणालीलाई निर्माण गरिनेछ ।

सार्वजनिक स्रोत, साधन तथा बजेटको अधिकतम सदुपयोग सुनिश्चित गर्दै आर्थिक अनुशासन, मितव्ययिता, पारदर्शिता, जवाफदेहिता तथा शून्य सहनशीलतामा आधारित सुशासन प्रणालीलाई संस्थागत गरिनेछ।

**१८६.** गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) बमोजिम प्रशासनिक संरचना, कार्यविभाजन तथा जनशक्ति व्यवस्थापनलाई व्यवस्थित गरी चुस्त, दुरुस्त र परिणाममुखी प्रशासनिक प्रणाली विकास गरिनेछ।

**१८७.** गाउँपालिका तथा वडा कार्यालयहरूमा ई—हाजिरी प्रणाली लागू गरी कर्मचारी तथा जनप्रतिनिधिको समयपालन, अनुशासन, उत्तरदायित्व र कार्यकुशलता अभिवृद्धि गरिनेछ।

**१८८.** कार्यसम्पादन सम्झौता (Performance Agreement), कार्यसम्पादन मूल्याङ्कन तथा नतिजामा आधारित व्यवस्थापन प्रणाली लागू गरी उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारी, शाखा र वडा कार्यालयलाई प्रोत्साहन, सम्मान तथा कार्यसम्पादनमा आधारित सेवा सुविधाको व्यवस्था गरिनेछ।

**१८९.** सेवा प्रवाह, राजस्व प्रशासन, योजना व्यवस्थापन, अभिलेख व्यवस्थापन तथा नागरिक सेवाहरूलाई सूचना प्रविधिमा आधारित बनाउँदै डिजिटल प्रोफाइल, डिजिटल नागरिक वडापत्र, विद्युतीय अभिलेख प्रणाली तथा ई—गभर्नेन्स प्रणालीको विकास गरिनेछ।

**१९०.** स्थानीय राजस्वका सम्भावित स्रोतहरूको पहिचान, कर प्रशासनको आधुनिकीकरण तथा करदातामैत्री सेवामार्फत आन्तरिक आय अभिवृद्धि गरी गाउँपालिकाको वित्तीय आत्मनिर्भरता सुदृढ बनाइनेछ।

१९१.गाउँपालिकाभित्रका वडा कार्यालय, विद्यालय तथा अन्य सार्वजनिक सेवा प्रवाह गर्ने निकायहरूको प्रशासनिक कार्यलाई प्रविधिमैत्री, पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउन आवश्यक पूर्वाधार तथा क्षमता विकासका आधारमा क्रमशः वेबसाइट, ई—हाजिरी, डिजिटल अभिलेख व्यवस्थापन तथा विद्युतीय सेवा प्रणाली लागू गर्दै लैजाने नीति अवलम्बन गरिनेछ।

**१९२.** गाउँपालिकाबाट रु. १ लाखभन्दा बढी रकमका खरिद कार्यहरू पारदर्शी, प्रतिस्पर्धी र जनउत्तरदायी बनाउन सम्बन्धित खरिद सूचना गाउँपालिकाको वेबसाइटमार्फत सार्वजनिक गरी क्रमश विद्युतीय खरिदमा आवद्ध गरिनेछ।

१९३. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA), वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA), बेरुजु न्यूनीकरण तथा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउँदै संस्थागत सुशासनका सूचकहरूमा उत्कृष्ट नतिजा हासिल गर्ने लक्ष्य लिइनेछ।

१९४. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक गुनासो व्यवस्थापन तथा सेवाग्राही सन्तुष्टि मापन प्रणालीलाई नियमित सञ्चालन गरी नागरिक सहभागिता र सामाजिक उत्तरदायित्वलाई संस्थागत गरिनेछ।

१९५. कार्यालय सुधार अभियान सञ्चालन प्रणालीमा आवद्ध, व्यवस्थित, प्रविधिमैत्री, सेवाग्राहीमैत्री तथा उत्तरदायी प्रशासनको विकास गर्दै माडी गाउँपालिकालाई सुशासन, सेवा प्रवाह र संस्थागत व्यवस्थापनको नमुना स्थानीय तहको रूपमा स्थापित गरिनेछ।

## न्याय सम्पादन तथा कानुनी सुशासन सम्बन्धी नीति तथा कार्यक्रम

१९६. संविधान, प्रचलित कानून तथा प्राकृतिक न्यायको सिद्धान्तअनुरूप न्यायिक समितिमार्फत प्रवाह हुने न्याय सम्पादन सेवालाई निष्पक्ष, छिटोछरितो, पारदर्शी, नागरिकमैत्री तथा पहुँचयोग्य बनाउँदै स्थानीय स्तरमै विवाद समाधान गर्ने प्रणालीलाई थप सुदृढ गरिनेछ।

१९७. मेलमिलाप संस्कृतिको प्रवर्द्धन गर्दै वडा तथा समुदायस्तरमा मेलमिलाप केन्द्रहरूको सुदृढीकरण, मेलमिलापकर्ताको क्षमता विकास तथा कानुनी सचेतना कार्यक्रम सञ्चालन गरी सामाजिक सद्भाव र दिगो शान्ति कायम गरिनेछ।

१९८. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, विपन्न तथा सीमान्तकृत समुदायको न्यायमा सहज पहुँच सुनिश्चित गर्न निःशुल्क कानुनी परामर्श, सहजीकरण तथा संरक्षणमुखी कार्यक्रम सञ्चालन गरिनेछ।

१९९. न्यायिक समितिमा दर्ता हुने उजुरीहरूको अभिलेखीकरण, सुनुवाइ, निर्णय तथा कार्यान्वयन प्रक्रियालाई क्रमशः प्रविधिमैत्री बनाउँदै समयबद्ध, उत्तरदायी र प्रभावकारी न्याय सम्पादन प्रणाली विकास गरिनेछ।

२००. घरेलु हिंसा, लैङ्गिक हिंसा, बालविवाह, छुवाछुत, सामाजिक विभेद तथा अन्य सामाजिक विकृतिविरुद्ध समुदायमा आधारित सचेतना, रोकथाम र कानुनी सशक्तीकरणका कार्यक्रम सञ्चालन गरी न्यायपूर्ण, सभ्य र समावेशी समाज निर्माणमा जोड दिइनेछ।

**अन्त्यमा**

यस गरिमामय गाउँसभामा प्रस्तुत गरिएको आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमले माडी गाउँपालिकाका सम्पूर्ण नागरिकको जीवनस्तर सुधार, रोजगारी सिर्जना, कृषि तथा पशुपालनको विकास, गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, सुशासन तथा समग्र समृद्धिको यात्रामा महत्वपूर्ण आधार तयार गर्ने विश्वास लिएको छु।

माडीको विकट भूगोल, सीमित स्रोत—साधन र चुनौतीका बीच पनि हामीले आफ्ना सम्भावना र अवसरलाई पहिचान गरी आत्मनिर्भर, समुन्नत र समृद्ध माडी निर्माणको साझा अभियानलाई अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्दछौं।

यी नीति तथा कार्यक्रम गाउँपालिकाको मात्र प्रयासले सफल हुन सक्दैनन्। यसका लागि संघ तथा प्रदेश सरकार, राजनीतिक दल, कर्मचारी, विकास साझेदार संस्था, नागरिक समाज, शिक्षक, स्वास्थ्यकर्मी, कृषक, युवा, महिला समूह, सञ्चारकर्मी तथा सम्पूर्ण माडीवासी दाजुभाइ तथा दिदीबहिनीहरूको साथ, सहयोग र सहभागिता आवश्यक रहनेछ।

अन्त्यमा, माडी गाउँपालिकाको विकास र समृद्धिका लागि निरन्तर योगदान पुऱ्याउनुहुने सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, सामाजिक संघसंस्था, बुद्धिजीवी, सञ्चारकर्मी, निजी क्षेत्र, श्रमिक वर्ग तथा सम्पूर्ण माडीवासी आमाबुवा, दाजुभाइ, दिदीबहिनीहरूमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु।

**"हामी सबै मिल्यौं भने माडी बदलिन्छ, माडी बदलियो भने हाम्रो भविष्य बदलिन्छ।"**

**धन्यवाद ।**
**जय माडी ।**